सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक १६ ♦ २०८३ साल असोज २८ बुधवार ♦ 14 Oct 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY

CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

# मधेशमा पाँचमध्ये एक बालबालिका बहुआयामिक वञ्चितीकरणमा, २६.२ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या




**खबर दर्पण समाचारदाता**

**असोज २७ गते, बर्दिवास**

मधेश प्रदेशका २१ दशमलव ३ प्रतिशत बालबालिका बहुआयामिक वञ्चितीकरणको अवस्थामा रहेको पाइएको छ । शिक्षा, स्वास्थ्य, पोषण तथा आधार भूत सुविधामा पहुँचको अवस्थालाई विश्लेषण गर्दा प्रदेशका बालबालिकाको जीवनस्तर कमजोर देखिएको हो ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदनअनुसार मधेश प्रदेशमा पाँच वर्षमुनिका २६ दशमलव २ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या छ। त्यस्तै, ६ देखि २३ महिनासम्मका ६० दशमलव ७ प्रतिशत शिशु तथा बालबालिकाले पर्याप्त र विविधतायुक्त आहार पाउन सकेका छैनन् ।

बालबालिकाको यस्तो अवस्थाले उनीहरूको स्वास्थ्य, शारीरिक तथा मानसिक विकास र भविष्यमा अवसर प्राप्त गर्ने क्षमतामा असर पार्न सक्ने देखिएको छ । बालबालिकाको अवस्था सुधार गर्न शिक्षा, स्वास्थ्य, पोषण तथा आधारभूत सेवामा पहुँच विस्तार गर्ने प्रभावकारी नीति तथा कार्यक्रम आवश्यक रहेको सरोकारवालाले बताएका छन् ।

मधेश प्रदेश नीति तथा योजना आयोगका सदस्य नवल यादवले सम्भावनाले भरिपूर्ण प्रदेशमा बालबालिकाको अवस्था दयनीय रहनु चिन्ताको विषय भएको बताउनुभयो ।

उहाँले बालबालिकाको समग्र विकासका लागि शिक्षा, स्वास्थ्य, पोषण तथा आधारभूत सेवासम्बन्धी कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउनुपर्नेमा जोड दिए । बालबालिकाको जीवनस्तर सुधार गर्न उनीहरूको आवश्यकता र समस्यालाई केन्द्रमा राखेर नीति निर्माण तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने उहाँको भनाइ छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका तथ्याङ्क अधिकारी ढुण्डीराज लामिछानेले बालबालिकामा देखिएको बहुआयामिक वञ्चितीकरण न्यूनीकरण गर्न शिक्षा, स्वास्थ्य र खानेपानीमा पहुँच विस्तारसँगै डिजिटल साक्षरतालाई समेत प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

प्रतिवेदनले विपन्न परिवारका बालबालिका तथा कम शैक्षिक स्तर भएका आमाका सन्तान बहुआयामिक वञ्चितीकरणको बढी जोखिममा रहने गरेको देखाएको छ। परिवारको आर्थिक अवस्था, शैक्षिक पहुँच र आधार भूत सेवाको उपलब्धताले बालबालिकाको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्ने गरेको प्रतिवेदनमा उल्लेख छ ।

बालबालिकाको अवस्था सुधार गर्न तथ्याङ्कमा आधारित योजना निर्माण, जोखिममा रहेका परिवारको पहिचान र लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याइएको छ । मधेश प्रदेशमा बालबालिकाको पोषण, स्वास्थ्य, शिक्षा र आधार भूत सुविधामा पहुँच सुनिश्चित गर्न प्रदेश सरकार, स्थानीय तह तथा सरोकारवाला संस्थाबीच प्रभावकारी समन्वय आवश्यक देखिएको छ ।

# रामगोपालपुरमा नागरिक सुनुवाइ सम्पन्न



**खबर दर्पण समाचारदाता**

**असोज २७ गते, बर्दिवास**

महोत्तरीको रामगोपालपुर नगर पालिकामा सार्वजनिक सेवा प्रवाह, शान्तिसुरक्षा तथा स्थानीय समस्याबारे नागरिकका गुनासा र सुझाव संकलन गर्ने उद्देश्यले नागरिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ । जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय

*बाँकी पृष्ठ ३ मा*

बडा दसैं २०८३ को शुभकामना

बडा दसैंको सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

HOTEL KOMAL



कोमल होटेल, ढल्केवर धनुषा

बडा दसैंको हार्दिक शुभकामना

बडा दसैंको सुखद अवसरमा मधेस प्रदेश सहित सम्पूर्ण उद्योगी, व्यवसायी, व्यापारी, ग्राहक वर्ग तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



CNI Madhesh Province

सि.ए. प्रमोद कुमार साह

अध्यक्ष

नेपाल उद्योग परिसंघ मधेस प्रदेश (CNI)

# भंगहा नगरपालिकामा पारदर्शिता र सुशासनको माग गर्दै कांग्रेसद्वारा ज्ञापनपत्र

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**असोज २७ गते, महोत्तरी**

नेपाली कांग्रेस भंगहा नगर कार्यसमितिले भंगहा नगर पालिकाको कामकाजमा पारदर्शिता, आर्थिक अनुशासन र सार्वजनिक सेवा सुधारको माग गर्दै प्रमुख प्रशासकीय अधिकृतसमक्ष ज्ञापनपत्र बुझाएको छ।

ज्ञापनपत्रमा विकास निर्माणका योजना, खरिद प्रक्रिया, उपभोक्ता समिति गठन तथा खर्च विवरण पारदर्शी बनाउनुपर्ने माग गरिएको छ। प्रत्येक योजनाको बजेट, लागत, कार्यविवरण, उपभोक्ता समितिका पदाधिकारी र कार्य सम्पन्न गर्ने समयावधि खुल्ने गरी सार्वजनिक सूचना राख्न कांग्रेसले आग्रह गरेको छ।

नगरपालिकाबाट हुने सवारी साधन प्रयोग, भाडा तथा अन्य खर्चको भुक्तानी गर्दा सम्झौता, आधिकारिक बिल, कार्यसम्पन्न प्रमाण र खर्चको औचित्य जाँच गर्नुपर्ने मागसमेत ज्ञापनपत्रमा उल्लेख छ। आवश्यक प्रक्रिया र प्रमाण पूरा नभएका बिलको भुक्तानी रोक्न पनि कांग्रेसले आग्रह गरेको छ।

त्यसैगरी, नगरपालिकाले प्रयोग गरिरहेको भवनसम्बन्धी नगर प्रमुख सञ्जीव साहले गरेको भनिएको सम्झौता सार्वजनिक गरी भवन प्रयोगका सर्त, सम्झौताको अवधि, शुल्क तथा आर्थिक दायित्वबारे नगर वासीलाई जानकारी दिनुपर्ने माग गरिएको छ।

ज्ञापनपत्रमा करिब ४०० वटा स्ट्रिट लाइट र १०० वटा हाइमास्ट लाइट खरिद तथा जडानसम्बन्धी काम भए पनि विद्युत् जडान गरी सञ्चालनमा नल्याइएको दाबी गरिएको छ। जडान गरिएका लाइटको संख्या, स्थान, लागत र वर्तमान अवस्थाबारे निरीक्षण गरी विवरण सार्वजनिक गर्न तथा आवश्यक विद्युत् जडानको काम शीघ्र सम्पन्न गर्न कांग्रेसले माग गरेको छ। बिग्रिएका लाइटलाई खरिद सम्झौता तथा ग्यारेन्टी-वारेन्टीको सर्तअनुसार मर्मत वा प्रतिस्थापन गरी अनावश्यक खर्च रोक्नसमेत आग्रह गरिएको छ।

शिक्षा क्षेत्रको सुधारलाई प्राथमिकता दिँदै कांग्रेसले बजेट वृद्धि, विद्यार्थी संख्याका आधार मा सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी व्यवस्थापन तथा शैक्षिक सामग्री र भौतिक पूर्वाधारको सुधार गर्न माग गरेको छ। विद्यालयमा शिक्षक अभाव हुन नदिन र विद्यार्थीको हितलाई केन्द्रमा राखेर आवश्यक निर्णय गर्नुपर्ने ज्ञापनपत्रमा उल्लेख छ।

कृषि क्षेत्रतर्फ खेतीपातीको समयमा कृषकलाई मल, उन्नत बीउबिजन तथा अन्य कृषि सामग्री सहुलियतपूर्ण दरमा उपलब्ध गराउन, अनुदान वितरण पारदर्शी बनाउन तथा सिँचाइ, कृषि प्राविधिक सेवा र बजार व्यवस्थापनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न माग गरिएको छ।



नगरपालिकाबाट हुने सम्पूर्ण भुक्तानीअघि सम्बन्धित कागजात, बिल, सम्झौता, कार्यसम्पन्न प्रतिवेदन र कामको वास्तविक अवस्था जाँच गरी मात्र भुक्तानी गर्नुपर्ने कांग्रेसको माग छ।

नेपाली कांग्रेस भंगहा नगर कार्यसमितिले कुनै पनि दबाब वा प्रभावमा नपरी प्रचलित कानुनअनुसार निष्पक्ष रूपमा काम गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आग्रह गरेको छ।

ज्ञापनपत्रमा समेटिएका माग कार्यान्वयन गरी गरिएका कामकारबाहीबारे लिखित जानकारी उपलब्ध गराउनसमेत माग गरिएको छ।

ज्ञापनपत्रको बोधार्थ नगरप्रमुख सञ्जीव साहलाई समेत दिइएको छ।

## मादक पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं

**बडा दशैं २०८३ को शुभकामना**

बडा दसैंको शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक तथा शुभचिन्तक, बुद्धिजिवि तथा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सम्बृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

**बर्दिवास जनता बहुमुखी क्याम्पस परिवार**

बर्दिवास, महोत्तरी

**बडा दशैं २०८३ को शुभकामना**

बडा दसैंको शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक तथा शुभचिन्तक, बुद्धिजिवि तथा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सम्बृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

**एभरेष्ट पब्लिक स्कूल परिवार**

बर्दिवास, महोत्तरी

**बडा दशैं २०८३ को शुभकामना**

बडा दसैंको शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक तथा शुभचिन्तक, बुद्धिजिवि तथा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सम्बृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

**जनता माध्यमिक विद्यालय परिवार**

बर्दिवास-३ गौरीडाडा, महोत्तरी

**बडा दशैं २०८३ को शुभकामना**

बडा दसैंको शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक तथा शुभचिन्तक, बुद्धिजिवि तथा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सम्बृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

**नन्दनी मल्टिपल इन्टरनेशनल कलेज परिवार**

बर्दिवास, महोत्तरी

**बडा दशैं २०८३ को शुभकामना**

बडा दसैंको शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक तथा शुभचिन्तक, बुद्धिजिवि तथा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सम्बृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

**नोबेल मल्टिपल कलेज परिवार**

बर्दिवास, महोत्तरी

**बडा दशैं २०८३ को शुभकामना**

बडा दसैंको शुभ अवसरमा समस्त ग्राहकवर्ग, व्यपारी, शुभचिन्तक, बुद्धिजिवि तथा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सम्बृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

**घर संसार परिवार**

मेनरोड बर्दिवास, महोत्तरी

**बडा दशैं २०८३ को शुभकामना**

बडा दसैंको शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक तथा शुभचिन्तक, बुद्धिजिवि तथा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सम्बृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

**चिल्ड्रेन ग्लोरी पब्लिक एकेडेमी विद्यालय,**

औरही नगरपालिका-१ महोत्तरी

**बडा दशैं २०८३ को शुभकामना**

बडा दसैंको शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक तथा शुभचिन्तक, बुद्धिजिवि तथा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सम्बृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

**पिस जोन इंगलिस बोर्डिंग स्कूल**

औरही नगरपालिका-१ महोत्तरी

**बडा दशैं २०८३ को शुभकामना**

बडा दसैंको शुभ अवसरमा सम्पूर्ण नेपालीहरुमा सुख, सम्बृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

पूजा चन्द

कार्यकारी निर्देशक

**टेरा सोल इनर्जी कम्पनी**

बर्दिबास नगरपालिका-६ चौलिखा, महोत्तरी

# रामगोपालपुरमा नागरिक...........

महोत्तरीको समन्वय तथा रामगोपालपुर नगरपालिकाको आयोजनामा मंगलबार कार्यक्रम सम्पन्न भएको हो ।

रामगोपालपुर नगरपालिका-४ स्थित सामुदायिक भवनको सभाहलमा आयोजित कार्यक्रमको अध्यक्षता महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले गरेका थिए भने नगर प्रमुख रामदुलार साह प्रमुख अतिथिका रूपमा सहभागी थिए ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख प्रहरी उपरीक्षक श्यामकुमार सारु मगर, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय महोत्तरीका उपअनुसन्धान निर्देशक दिलीपकुमार सिंह, जिल्ला ट्राफिक प्रहरी कार्यालय बर्दिबासका प्रमुख प्रहरी निरीक्षक बाबुराम कार्कीलगायतको उपस्थिति रहेको थियो ।

त्यसैगरी, स्थानीय वडाध्यक्ष, जनप्रतिनिधि, विभिन्न राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, सञ्चारकर्मी, विद्यालयका शिक्षक तथा विद्यार्थी र स्थानीय नागरिकहरूको सहभागिता रहेको थियो ।

नागरिक सुनुवाइ कार्यक्रमले स्थानीय नागरिक र सरकारी निकायबीच प्रत्यक्ष संवादको अवसर प्रदान गर्नुका साथै सार्वजनिक सेवा प्रवाहमा देखिएका समस्या, शान्ति सुरक्षासम्बन्धी विषय तथा स्थानीय आवश्यकताबारे सम्बन्धित निकायको ध्यानाकर्षण गराउने उद्देश्य राखेको प्रमुख जिल्ला अधिकारी यादवले बताए ।

यस्ता कार्यक्रमबाट नागरिकका गुनासा तथा सुझाव सम्बन्धित निकायसम्म पुर्याउन, सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र प्रशासन तथा सुरक्षा निकायप्रति नागरिकको विश्वास अभिवृद्धि गर्न सहयोग पुग्ने उनले बताए ।

# ९० किलो गाँजासहित एक जना पक्राउ

**खबर दर्पण समाचारदाता**
**असोज २७ गते, बर्दिवास**



सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका-५ कल्याणपुरबाट प्रहरीले ९० किलो लागुऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा स्थानीय ४३ वर्षीय जगदिश यादव रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार गाँजाको बिक्री भइरहेको भन्ने गोप्य सूचनाका आधारमा सोमबार राति करिब ११ बजे इलाका प्रहरी कार्यालय लहान र प्रहरी चौकी महेशवारीबाट संयुक्त प्रहरी टोली खटिएको थियो ।

प्रहरी टोलीले कल्याणपुरस्थित यादवको घरमा खानतलासी गर्दा सेतो बोराभित्र प्लास्टिकमा प्याक गरेर राखिएको अवस्थामा ९० किलो गाँजा बरामद गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार बरामद गाँजासहित यादवलाई नियन्त्रणमा लिइएको छ ।

पक्राउ परेका यादवलाई बरामद गाँजासहित थप अनुसन्धान तथा आवश्यक कानुनी कारबाहीका लागि इलाका प्रहरी कार्यालय लहानमा राखिएको प्रहरीले जनाएको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।


## बडा दशैं २०८३ को शुभकामना

बडा दसैंको सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जथाभावी रुखविरुवा कटानीले पर्यावरणमा गम्भिर असर परेकोले पुरानो रुख काटेको ठाउँ वरपर कम्तिमा ५ वटा रुख लगाऔं ।

**सामुदायिक विकास तथा पैरवी मंच**
**वर्दिवास, महोत्तरी**

## बडा दशैं २०८३ को शुभकामना

बडा दसैंको सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष :बिनोद भण्डारी
तथा

**रक्षा ज्वेलर्स वर्दिवास**
**महोत्तरी (परिवार)**

## बडा दशैं २०८३ को शुभकामना

बडा दसैंको सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**होटेल रेड क्राउन**
**वर्दिवास, महोत्तरी**

## बडा दशैं २०८३ को शुभकामना

बडा दसैंको सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**वर्दिवास रिसोर्ट प्रा ली**
**वर्दिवास-३ महोत्तरी**

## बडा दशैं २०८३ को शुभकामना

बडा दसैंको सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दीपक बहादुर कार्की
अध्यक्ष

वर्दिवास उद्योग वाणिज्य संघ परिवार

## बडा दशैं २०८३ को शुभकामना

बडा दसैंको सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**वर्दिवास साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था महोत्तरी**

## बडा दशैं २०८३ को शुभकामना

बडा दसैंको सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**खड्ग होटेल एण्ड लज**
**वर्दिवास-३ महोत्तरी**

## बडा दशैं २०८३ को शुभकामना

बडा दसैंको सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**तुलसा गार्डेन एण्ड खुकुरी होटेल**
**वर्दिवास-३ महोत्तरी**

# साझेदारी विकास कोष बनाउन मुख्यमन्त्री यादवको प्रस्ताव

**खबर दर्पण समाचारदाता**

**असोज २७ गते, बर्दिवास**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशहरूबीच सहकार्य, साझेदारी र विकासका साझा कार्यक्रमलाई प्रभावकारी बनाउन सातै प्रदेशका मुख्यमन्त्री सदस्य रहने गरी 'मुख्यमन्त्री साझेदारी विकास मञ्च' गठन गर्न प्रस्ताव गरेका छन् ।

विराटनगरमा जारी अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलनलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले प्रदेशहरूबीच आपसी सहयोग र समन्वय अभिवृद्धि गर्न छुट्टै कोष स्थापना गर्नुपर्ने आवश्यकता औँल्याएका हुन् । उनले प्रदेशहरूबीच साझा विकासका योजना सञ्चालन गर्न साझेदारी विकास कोष उपयोगी हुने धारणा राख्दै अन्तर प्रदेश लगानी बैंकको अवधारणालाई समेत स्वागतयोग्य बताएका छन् । प्रदेशहरूले आ-आफ्नो स्रोत, साधन र क्षमताको उपयोग गर्दै साझा हितका क्षेत्रमा सहकार्य गर्नुपर्नेमा उनले जोड दिएका छन् ।

मुख्यमन्त्री यादवले प्रदेश सरकारको स्वायत्तता र संवैधानिक अधिकार कार्यान्वयनको विषय पनि सम्मेलनमा उठाएका छन् ।

प्रदेशका मन्त्रालयमा संघीय सरकारले सचिव पठाउने अभ्यासले प्रदेशको प्रशासनिक स्वायत्ततामा समस्या सिर्जना गरेको उल्लेख गर्दै उनले संविधानका अनुसूचीमा व्यवस्था गरिएका अधिकारअनुसार प्रदेशलाई जिम्मेवारी हस्तान्तरण गर्नुपर्ने माग गरे । त्यस्तै, प्रदेशमा शान्तिसुरक्षा कायम गर्ने विषयमा प्रहरीको भूमिका थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता उनले औँल्याएका छन् । प्रदेशको शान्तिसुरक्षा व्यवस्थालाई सुदृढ बनाउन आवश्यक अधिकार, जिम्मेवारी र संस्थागत व्यवस्थामा सुधार गर्नुपर्ने उनको भनाइ थियो ।

मानव-हात्ती द्वन्द्व न्यूनीकरणको विषय उठाउँदै मुख्यमन्त्री यादवले कोशी र मधेश प्रदेशबीच संयुक्त योजना निर्माण गरी कार्यान्वयनमा अघि बढ्नुपर्नेमा जोड दिए । वन्यजन्तुबाट स्थानीय बासिन्दाले भोग्नुपरेका समस्या समाधान गर्न अन्तरप्रदेश समन्वय र



सहकार्य आवश्यक रहेको उनले उल्लेख गरे ।

मुख्यमन्त्री यादवको प्रस्तावले प्रदेशहरूबीच विकास साझेदारी, लगानी सहकार्य, संवैधानिक अधिकारको कार्यान्वयन तथा साझा समस्याको समाधानका लागि संस्थागत समन्वयलाई प्राथमिकता दिएको छ ।

बडा दशैं २०८३ को शुभकामना

बडा दसैंको पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.ली.
मेनरोड बर्दिवास, महोत्तरी

बडा दशैं २०८३ को शुभकामना

बडा दसैंको पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बर्दिवास जनसेवा हस्पिटल प्रा.लि.

"जनसेवाको अभियान,स्वस्थ समाजको निर्माण"

बर्दिवास जनसेवा हस्पिटल प्रा. ली.
बर्दिवास-३ गौरीडाडा, महोत्तरी

बडा दशैं २०८३ को शुभकामना

बडा दसैंको सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Hotel Vinayak | Vinayak Banquets & Event Center

होटल विनायक, वर्दिवास महोत्तरी

Vinayak Hotel Pvt Ltd ,Vinayak Banquets and Event Center
Bardibas-1, Mahottari, (Opposite of RB Bank Nepal )
Tel:044 550 574, 9851220475
Email: info@hotelvinayaknepal.com.np
sujanacharya87@gmail.com
Skype : @Hotel.Vinayak

बडा दशैं २०८३ को शुभकामना

बडा दसैंको सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

होटल गुञ्ज,
वर्दिवास-३ गौरीडाडा, महोत्तरी

HG HOTEL GUNJA

Hotel Gunj
Bardibas-3, Gauridanda, Mahottari
Phone: 044-550620
Email:hotelgunja@gmail.com

बडा दशैं २०८३ को शुभकामना

बडा दसैंको सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गौतम होटल, वर्दिवास महोत्तरी

www.gautamhotel.com.np

Gautam Hotel , Bardibas-8, Mahottari
(977) 44 550034, 977-9844101326
gautam.hotel@yahoo.com

बडा दशैं २०८३ को शुभकामना

बडा दसैंको सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नमो बुद्ध होटेल तथा
ब्लु स्टार इलोक्ट्रोनिक्स
वर्दिवास, महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,